खण्ड ९ संख्या ०६ मंसिर १४ गते, २०८२ साल

# मादी गाउँपालिका

# स्थानीय राजपत्र

मादी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९ संख्या ०६ मंसिर १४ गते, २०८२ साल

## भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा बमोजिम (१) मादी गाउँसभाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## संवत् २०८२ सालको कार्यविधि नं. ६

### जनसंख्या वृद्दि प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०८/१४

**प्रस्तावना**

मादी गाउँपालिका भित्र जनसंख्या वृद्धिदर क्रमशः घट्दै गएको सन्दर्भमा जनसांख्यिकीय सन्तुलन कायम राखी सामाजिक" आर्थिक संरचना सुदृढ गर्नका लागि यस गाउँपालिकाले—जनसंख्या वृद्धि प्रोत्साहन कार्यक्रम "संचालन गर्ने नीति लिएको छ।यसले गर्दा बढ्दै गएको न्यून जन्मदर र यसवाट पर्न गएको ऋणात्मक जनसङ्ख्या वृद्दिदरलाई धनात्मक वृद्दिदरमा लगी देशकै जनसङ्ख्या व्यवस्थापनमा टेवा पुर्याउने उद्देश्यले मादी गाउँपालिकाकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा २ तथा मादी गाउँपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम मादी गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि तयार गरी लागु गरेको छ ।

### परिच्छेद १-

### प्रारम्भिक

**१संक्षिप्त नाम र प्रारम्भः (**

क " यस कार्यविधिको नाम (जनसंख्या वृद्दि प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि २०८२रहेको छ । "

(ख यो कार्यविधि (मादी गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२विषय वा प्रस : **परिभाषा (**ङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

कभन् "गाउँपालिका" (नाले मादी गाउँपालिकालाई सम्झनुपर्दछ ।

खभन "अध्यक्ष" (्नाले मादी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

गभन "उपाध्यक्ष" (्नाले मादी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

घ" (प्रमुख प्रशासकिय अधिकृतभन् "नाले मादी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्दछ ।

ङ" (वडा अध्यक्ष "भन्नाले मादी गाउपालिका अन्तर्गत वडाका अध्यक्षलाई सम्झनुपर्दछ ।

च" (कार्यक्रम" भन्नाले जनसंख्या वृद्दि प्रोत्साहन कार्यक्रमलाई सम्झनुपर्दछ ।

छ" (प्रोत्साहन रकम" भन्नाले यस कार्यविधी अनुसार गाउँपालिका बासी २ भन्दा बढी तेस्रो सन्तान जन्माउने दम्पतीलाई प्रदान गरिने रुपचास हजार रुपैयाँ )-/५०,००० . बुझ्नुपर्नेछ । (मात्र

**३ःजनसंख्या वृद्दि प्रोत्साहन कार्यक्रम सञ्चालनका उद्देश्यहरु (**

१घट्दो जनसंख्या वृद्धिदर भएका क्षेत्रमा जनसंख्या वृद्धिलाई प्रोत्साहन गर्नु। .

२ प्रजननयोग्य उमेरका दम्पतीहरूलाई सन्तानोत्पत्तिमा .प्रोत्साहन गर्नु।

३मातृ तथा शिशु स्वास्थ्य सेवा र पोषण स्तरमा सुधार ल्याउनु। .

४स्थानीय जनसांख्यिकीय सन्तुलनलाई सुदृढ गर्नु। .

**परिच्छेद२ -**

४ **(जनसंख्या वृद्दि प्रोत्साहन कार्यक्रमका लक्षित समुह सम्बन्धि व्यवस्थाः**

१. मादी गाउँपालिका भित्र स्थायी बसोबास भएका विवाहित दम्पती।
२. अस्थायी रुपमा समेत अन्यत्र बसाईसराई नगरेका निरन्तर रुपमा मादी गाउँपालिका भित्र बसोबास गरेका ।
३. विवाहित दम्पती जसको दुई भन्दा बढी तेस्रो सन्तान भएका।

मादी गाउँपालिका

४. नवजात शिशुको जन्मदर्ता मादी गाउँपालिका अन्तर्गतका वडा कार्यलयमा दर्ता भएको ।

५. तेस्रो सन्तान भन्दा माथिका दुवै सन्तान माध्यमिक तह पालिका भित्रका सामुदायिक तथा सरकारी विद्यालयमा अध्ययन गरेको वा अध्ययनरत रहेको हुनुपर्ने ।

**५ ( कार्यक्रमका प्रमुख गतिविधिः**

नगद प्रोत्साहन योजना :

१. दम्पतीहरुले २ भन्दा बढी तेस्रो सन्तान जन्माएमा सो सन्तानको नाममा गाउँपालिकाले नवजात शिशुको वैंक खातामा ५० हजार जम्मा गरिदिनेछ ।

२. पालिकाले सो रकम नवजात शिशु बालिग भए पश्चात मात्र बैंक खाता मार्फत निकासा लिन मिल्ने गरी व्यवस्था मिलाउनेछ।

## परिच्छेद ३-
## लाभग्राही छनौट तथा कार्यन्वयन

**६ लाभग्राही छनौट प्रक्रिया (सम्बन्धी व्यवस्थाः**

१ मादी गाउँपालिकामा स्थायी बसोबास भएका इच्छुक दम्पतीहरुले तेस्रो सन्तान जन्मेको . महिना भित्र मादी गाउँपालिकाको ३ कार्यालयमा निवेदन दिनुपर्नेछ।

२बमोजिम पेश भएको निवेदन उपर अनुगमन समितिले सम्बन्धित वडाका वडा १ उपदफा . सचिव सहितको वडाअध्यक्षको सिफारिसमा योगयता पुगेका दम्पतीहरुलाई छनौट गर्नेछ ।

३ बमोजिम छनौट भएका दम्पतीका तेस्रो नवजात शिशुको २ उपदफा .नाममा गाउँपालिकाले वैंक खाता खोली बालिग भए पश्चात मात्र बैंक खाता मार्फत निकासा लिन मिल्ने गरी उक्त रकम जम्मा गर्ने व्यवस्था मिलाउनेछ ।

४. यस कार्यविधि लागु भए पश्चात जन्मिएको तेस्रो सन्तानलाई मात्र प्रोत्साहन स्वरुप उक्त रकम दिईनेछ ।

७" **संलगन गर्नुपर्ने कागजातहरु सम्बन्धी व्यवस्थाः** (जनसंख्या वृद्दि प्रोत्साहन कार्यक्रम "अन्तर्गत प्रोत्साहन रकम लिन चाहने मादी गाउँपालिकामा स्थायी बसोबास भएका इच्छुक दम्पतीहरुले निम्न लिखित कागजातहरु पेश गर्नुपर्नेछ।

१. निवेदन

२. दम्पतीको नागरिकताको प्रतिलिपी

३. नवजात शिशुको जन्मदर्ताको प्रतिलिपी

४. नवजात शिशु भन्दा माथिका दुवै सन्तानका जन्मदर्ताको प्रतिलिपी

५. नवजात शिशुको २ प्रति फोटो

६. सम्बन्धित वडाको सिफारिस

## परिच्छेद ४

## अनुगमन समिति

**८ अनुगमन समितिः** (जनसंख्या वृद्दि प्रोत्साहन कार्यक्रम अन्तर्गत लाभग्राही छनौटका लागि देहाय बमोजिमको ५ सदस्यीय अनुगमन समिति गठन गरिने छ ।

गाउँपालिका उपाध्यक्ष संयोजक -

प्रमुख प्रशासकिय अधिकृत — सदस्य

सम्बन्धित वडाको वडा अध्यक्षसदस्य —

स्वास्थ्य शाखा प्रमुख — सदस्य

महिला बालबिकास शाखा प्रमुख — सदस्य सचिव

## परिच्छेद५-

## विविध

**९प्रचलित कानुन बमोजिम हुनेः** ( यस कार्यविधिमा छुटेका विषयवस्तुको विषयमा कुनै समस्या उत्पन्न भएमा मादी गाउँकार्यपालिकाको निर्णय अनुसार वा प्रचलित कानुन बमोजिम हुनेछ।

**१० संशोधनः** (यस कार्यविधि कार्यान्वयनमा कुनै समस्या देखिएमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन तथा शंशोधन गर्न सक्नेछ ।

**११खारेजी र बचाऊः** ( यस कार्यविधि कार्यान्वयनमा कुनै दुविधा उत्पन्न भएमा गाउँपालिकाले बाधा अड्काउ फुकाउन सक्ने छ भने कुनै बुदाँहरू प्रदेश कानुन र संघीय कानुन संग वाझिएमा वाझिएको हदसम्म अमान्य हुनेछ । साथै मादी गाउँपालिकाको गाउँकार्यपालिकाले आवश्यकताको आधारमा यो कार्यविधि खारेज पनि गर्न सक्ने छ ।

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत

मादी गाउँपालिका